# माङसेबुङ गाउँपालिका

## गाउँकार्यपालिकाको कार्यालय

इभाङ्ग, इलाम 						कोशी प्रदेश, नेपाल

### सिलबन्दी दरभाउपत्र आह्वानको सुचना

प्रथम पटक प्रकाशित भएको मिति २०८१ माघ २५ गते

दोस्रो पटक प्रकाशित भएको मिति २०८१ फाल्गुन १३ गते

यस गाँउपालिकालाई आ.व. २०८१/०८२ मा तपशिल बमोजिमको निर्माण कार्य गर्नु पर्ने भएकाले सम्बन्धित कार्यको लागि ईजाजत प्राप्त, मूल्य अभिवृद्दि करमा दर्ता भएका, ईच्छुक निर्माण कम्पनीहरूबाट निम्न शर्तहरूको अधिनमा रही सिलबन्दी दरभाउपत्र आव्हान गरिएको छ।

| सि.नं. | ठेक्का नं. | कामको विवरण | बोलपत्र फारम दस्तुर | जमानत रकम | कैफियत |
|---|---|---|---|---|---|
| १ | MRM/SQ/WORKS/2081/082-01 | Welcome Gate Construction At Mangsebung Ru. Mun. | 1,000/- | 27,000/- | e-bidding |
| २ | MRM/SQ/WORKS/2081/082-02 | Welcome Gate Construction at Gajurmukhi | 1,000/- | 14,000/- | e-bidding |

**`शर्तहरु**

a) योग्य निर्माण कम्पनीहरूले सुचना प्रकाशित मितिले १५ औं दिनभित्र माङसेबुङ गाउँपालिकामा कार्यालय समयभित्र उपस्थित भई सिलबन्दी दरभाउपत्र सम्बन्धि कागजातहरु खरीद गर्नु पर्नेछ वा **www.bolpatra.gov.np/egp** मा गएर दरभाउपत्र फारम Download गरि प्राप्त गर्नु पर्नेछ। दरभाउपत्रदाताले दरभाउपत्र सम्बन्धी कागजातहरू खरीद बापत रु. १,०००/- पछि फिर्ता नहुने गरि **सिटिजन्स बैंक ईन्टरनेसनल**, माङसेबुङ शाखामा रहेको गाउँपालिकाको **आन्तरिक राजश्व खाता नं. ०६९०१००००००१२०२** मा जम्मा गर्नुपर्ने छ।

b) ईच्छुक दरभाउपत्रदाताहरुले सिलबन्दी दरभाउपत्र आह्वानको सुचना प्रकाशित मितिले १६ दिनको १२:०० बजे भित्र दरभाउपत्र सम्बन्धि कागजातहरु धरौटी खातामा जमानत बापतको रकम जम्मा गरेको भौचर र अन्य आवश्यक सम्पूर्ण कागजात (स्थायी लेखा नम्बर दर्ता प्रमाणपत्रको प्रतिलिपि, **आ.व.२०८१/०८२** को कर चुक्ता वा म्याद थप प्रमाणपत्र प्रतिलिपि, कम्पनी दर्ताको प्रमाणपत्रको प्रतिलिपि, ईजाजतपत्रको प्रतिलिपि, नविकरणको प्रतिलिपि) समेत राखी सिलबन्दी गरी गाउँपालिकामा दाखिला गर्नुपर्नेछ वा स्क्यान गरि **www.bolpatra.gov.np/egp** मा upload गर्नु पर्ने छ। सो समयावधि भन्दा ढिलो गरि आउने दरभाउपत्र स्वीकार गरिने छैन। यसरी दर्ता भएका सिलबन्दी दरभाउपत्र सोही दिनको १:०० बजे खोलिनेछ।

c) जमानत बापतको रकम **सिटिजन्स बैंक ईन्टरनेसनल**, माङसेबुङ शाखामा रहेको **धरौटि खाता नं. ०६९०१०००००२९२०१** मा जम्मा गर्नु पर्ने छ वा नेपाल राष्ट्र बैंकबाट "क" वर्गको ईजाजत प्राप्त बैंकबाट सो बराबरको जमानत पेश गर्नु पर्नेछ र उक्त जमानतको मान्य अवधि ७५ दिनको हुनुपर्नेछ।

d) निर्माण कम्पनीले निर्माण व्यवसाय गर्दा कुनै पनि कानुनी कारबाहीमा नपरेको स्व-घोषणापत्र पेश गर्नुपर्नेछ।

e) सिलबन्दी दरभाउपत्र पेश गर्ने र खोल्ने अन्तिम दिन सार्वजनिक बिदा परेमा त्यसको भोलिपल्ट कार्यालय खुल्ने दिन माथि उल्लेख गरिएको समयमा सिलबन्दी दरभाउपत्र पेश गर्ने र खोल्ने अन्तिम मिति कायम हुनेछ। यस्तो अवस्था जमानतको मान्य अवधि भने साविककै मिति देखि गणना गरिनेछ।

f) कुनै वा सवै दरभाउपत्र पुरै वा आंशिक रूपमा स्वीकार गर्ने वा अस्वीकार गर्ने सर्वाधिकार यस कार्यालयमा निहित रहने छ।

g) रितपुर्वक दर्ता भएका सिलबन्दी दरभाउपत्रहरू प्रचलित कानुन बमेजिम तोकिएका निर्माण कम्पनीको प्रतिनिधिको रोहवरमा खोलिनेछ तर निजको प्रतिनिधि उपस्थित नभएमा पनि सिलबन्दी दरभाउपत्र खोल्न बाधा पर्ने छैन।

h) यस सुचनामा उल्लेख नभएका कुराहरूको हकमा सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमावली २०६४ तथा प्रचलित कानुन बमोजिम हुनेछ।

i) थप जानकारीका लागि यस कार्यालयमा वा इन्जिनियर टंक कुमार मगर, मो. नं. ९८६९६८५१०० मा कार्यालय समय भित्र सम्पर्क गर्न सकिनेछ।

दिलशेर राई

प्रमुख प्रशासकीय अधिकृत